जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.वि.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १७ २०८१ साल साउन १९ गते शनिबार (3 Aug. 2024 Saturday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np




यस अंक भित्र : २ पृष्ठमा : मिडियामा कमजोर दलित... ३ पृष्ठमा : संक्रमणकालीन न्याय : कार्यदलमा ... ३ पृष्ठमा स्मार्टफोनको प्रयोग ८०..

# गायिका साह उर्मिला र अधिकारमर्मी चौधरीलाई बैध-प्रकाश पुरस्कार







**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

यस वर्षको मैथिली लोकगीत गायनतर्फ सुनिता साह र अधिकारकर्मी तर्फ दिलिप चौधरी पुरस्कृत भएका छन ।

शुक्रवार मानवअधिकारकर्मी स्व.प्रकाश काफ्लेको ३२ औं स्मृति दिवसको अवसरमा यहाँ आयोजित कार्यक्रममा साह र चौधरीलाई पुरस्कृत गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथी उच्च अदालत जनकपुर-राजविराज इजलाशका मुख्य न्यायधिश बामदेव ज्ञावलीले साह र चौधरीलाई क्रमश ५ औं मैथिली लोकगीत गायन पुरस्कार २०८१ र ९ औं बैद्य-प्रकाश मानवअधिकार पुरस्कार २०८१ प्रदान गरे ।

मैथिली लोकगायन क्षेत्रमा योगदान गरेवापत राजविराज ३ की ३० वर्षिया साह र अधिकार क्षेत्रमा योगदान गरेवापत रुपनी गाउँपालिका ६ का ५५ वर्षिय चौधरीलाई पुरस्कृत गरिएको पुरस्कार कोषका संस्थापक एवं प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले जानकारी दिए ।

२०७१ सालमा इन्सेकद्वारा ५० हजार राशी पुरस्कार भएको प्रकाश-बैद्य मानवअधिकार पुरस्कार प्राप्त गरेका झाले सोही रकम र आमा चन्द्रादेवी झाको समाजिक सुरक्षा भत्ता वापतबाट प्राप्त हुने रकमबाट ५० हजार थपेर १ लाख रुपैयाको पुरस्कार कोष नै स्थापना गरेका थिए ।

सोही कोषबाट प्रत्येक वर्ष उक्त दुबै पुरस्कार वितरण गरिदै आएको कोषका संस्थापक झाले बताए । इन्सेक सप्तरी प्रतिनीधी मनोहर पोखरेलद्वारा संचालित कार्यक्रममा मधेश प्रदेश आमसंचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, पूर्व निर्वाचन आयुक्त डा.अयोधि प्रसाद यादव, राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेशका प्रमुख बुद्ध नारायण सहनी, इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवान, पत्रकार महासंघ सप्तरीका सभापती श्रवण कुमार देव, नागरिक समाज सप्तरीका अध्यक्ष थानसिह भन्साली, बरखगणका गणपती रमेश पाण्डे, प्रहरी उपरिक्षक गजुसिद्धी बज्राचार्य लगायतले शुभकामना दिएका थिए ।

# माफीनामापछि पत्रकार धम्काउने मण्डल हिरासतबाट रिहा

**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

समाचार लेखेको निहुँमा नेपाल पत्रकार महासंघ सप्तरीका कोषाध्यक्ष एवं राजविराज दैनिकका पत्रकार नवीनकुमार गुप्तामाथि अभद्र व्यवहार गर्दै ज्यानमार्ने धम्की दिने महदेवा गाउँपालिकाका अभिषेक मण्डल शुक्रबार माफीनामापछि रिहा भएका छन् ।

सप्तरी प्रहरीले पत्रकार धम्काउने मण्डललाई पक्राउ गरी हिरासतमा राखि अनुसन्धान अगाडी बढाई सकेको अवस्थामा मण्डल पनि यही समाजका बासिन्दा भएको र गल्तीले अपशब्द प्रयोग हुन गएको भन्दै पत्रकार महासंघको समन्वयमा पीडित पत्रकार गुप्ताले एक पटकलाई माफी दिंदै थप कारबाही अगाडी नबढाउने निर्णयमा पुगेपछि उनी रिहा भएका हुन् ।



**पत्रकारलाई धम्क्याउने अभिषेक मण्डल**

नेपाल पत्रकार महासंघ सप्तरीका सचिव रामनारायण विश्वासद्वारा शुक्रबार जारि विज्ञप्तिमा जिल्ला प्रहरी कार्यालय सप्तरीमा शुक्रवार प्रवक्ता डीएसपी ढुण्डीराज नेउपाने, नेपाल पत्रकार महासंघ सप्तरी अध्यक्ष श्रवणकुमार देव तथा मण्डल परिवारका सदस्यहरुको रोहवरमा लिखित माफीनामा पत्रमा हस्ताक्षर गर्दै मण्डलले पत्रकार गुप्तासँग प्रत्यक्षरुपमा माफी मागेपछि उनी रिहा भएको जनाइएइको छ ।

विज्ञप्तिमा कुनै किसिमको समाचारमा कुनै पक्षको चित नबुझेको आधारमा प्रमाणसहित आफ्नो विषय राख्ने ठाउँ रहेको, त्यसो नभए माथिल्लो निकाय प्रेस काउन्सिल नेपालमासमेत निवेदन दिन सक्ने कानूनी व्यवस्था रहेको उल्लेख गर्दै कुनै पनि समाचारमा कसैको चित नबुझेको अवस्थामा अपराधिक बाटो प्रयोग नगरी कानूनी बाटो प्रयोग गर्न समेत सम्बन्धित सबैमा पत्रकार महासंघले आग्रह गरेको छ ।

साथै विज्ञप्तिमा पत्रकार महासंघले थालेको संघर्षको कार्यक्रमसमेत स्थगित भएको तथा संघर्ष र समन्वयमा सहयोग गर्नु हुने सम्पूर्ण पत्रकार, सप्तरीका प्रहरी-प्रशासनसमेतमा धन्यवाद ज्ञापन गगरिएको छ ।

# राष्ट्रिय परिचयपत्र : जातीय र सांस्कृतिक पहिचानको पोशाक लगाउन बाधा नपर्ने

काठमाडौँ, १८ साउन (रासस) ।

गृह मन्त्रालयको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले राष्ट्रिय परिचयपत्रमा विवरण दर्ताका लागि सेवाग्राहीको फोटो खिच्दा स्पष्ट मुखाकृति र दुवै कान देखिने गरी फोटो खिच्नुपर्ने स्पष्ट पारेको छ ।

सबै जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, राष्ट्रिय परिचयपत्र इकाइ रहेका सबै कार्यालयलाई परिपत्र गर्दै विभागले त्यसरी फोटो खिच्दा सिन्दुर, टीका, राष्ट्रियता झल्कने टोपी, धार्मिक, सांस्कृतिक तथा जातीय पहिचान जनाउने पहिरन लगाउन बाधा नपर्ने उल्लेख गरिएको छ ।

विभागका महानिर्देशक युवराज कटेलले राष्ट्रिय परिचयपत्रको जैविक विवरण लिने र आवश्यक कागजातका

*बाँकी अन्तिम पृष्ठमा*

## चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थान तथा रुखका छहारिमा नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिबी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीबाबुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : विष्णुपुर गाउँपालिका, सप्तरी

# सम्पादकीय

## दण्डरहित शिक्षा प्रदान होस्

विद्यालयप्रति अझ सरकार, राजनीतिक दल तथा सम्बन्धीत निकायहरु गम्भिर बन्न सकेको छैन्। जसकारण विद्यालयहरुमा हुने पठनपाठन धरासय हुनुका साथै विद्यार्थीहरुको शिक्षा कमजोर भइरहेको छ। विभिन्न प्रकारका राजनीतिक गतिविधी तथा शिक्षकहरुको भयले विद्यार्थीहरु अहिले पनि त्रसित नै रहेको देखिन्छ। तर, पूर्ण रुपमा विद्यालयहरुलाई दण्डशालाका रुपमा परिणत हुनबाट बचाउन भने सकिएको छैन। नागरिक समाजले मात्र नभई सरकार स्वयंले विद्यालयमा शान्ति क्षेत्र बारे प्रतिबद्धताको चर्को आवाज उठाई रहेको बेला विडम्बना भने दोहोरिन्छ।

विद्यालयमा अहिले पनि विद्यार्थीहरुले भयमुक्त वातावरणको पूर्ण रुपमा अनुभूति भने गर्न सकिरहेका छैनन्। विद्यार्थीमैत्री वातावरणको सृजना हुन सकिरहेको छैन। बालमैत्री शिक्षक र शिक्षण हुनुपर्छ भनेर सरकारी तथा गैरसकारी निकायहरुबाट बारम्बार अभिमुखीकरण भइरहँदा अधिकतर शिक्षकले भने विद्यार्थीहरुलाई लठ्ठीले नै अनुशासित बनाउन सकिन्छ भने मानसिकता छोड्न सकेका छैनन्। गृहकार्य नगरेको निहुँमा, अनुशासन भंग गरेको बहानामा विद्यार्थीहरु अहिले पनि कुटिन्छन्। यसरी विद्यालय शान्ति क्षेत्र कागजी रुपमा मात्र कार्यान्वयन हुनु भनेको लज्जाको विषय हो।

यसलाई कार्यान्वयन गराउनका लागि शिक्षा मन्त्रालय, शिक्षा विभाग र स्थानीय तहको मुख्य भूमिका रहन्छ। विद्यालय शान्ति क्षेत्रको अवधारणालाई प्रभावकारी ढंगले लागु पर्ने हो भने विद्यालयमा हुने दण्डका घटनाहरु न्यून हुँदै विस्तारै अन्त्य हुन सक्छ। यसका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ पनि उत्तिकै नैतिक जिम्मेवार हुनु आवश्यक छ। यसर्थ विद्यालय शान्ति क्षेत्रको अवधारणा दण्डरहित शिक्षा यसको मुख्य पाटोको रुपमा रहेको छ।

# ‘मिडियामा कमजोर दलित प्रतिनिधित्व र विषयवस्तु’

**सुशील दर्नाल**

काठमाडौँ, १८ साउन (रासस)। आमसञ्चार माध्यममा दलित समुदायको प्रतिनिधित्व र विषयवस्तु कमजोर देखिएको छ। सञ्चारमाध्यममा दलित विषयसम्बन्धी सम्पादकीय विषयमा गरिएको अध्ययनअनुसार गोरखापत्र र कान्तिपुरमा दुई वर्षमा दुई दशमलव ३८ प्रतिशत सम्पादकीय दलितसम्बन्धी प्रकाशित गरिएको छ।

विसं २०७९ र २०८० मा प्रकाशित एक हजार दुई सय १९ सम्पादकीयमा २९ वटा (२.३८ प्रतिशत) दलितसम्बन्धी प्रकाशित गरिएको छ। गोरखापत्रमा प्रकाशित छ सय आठ सम्पादकीयमध्ये १२ वटा र कान्तिपुरमा प्रकाशित छ सय ११ मध्ये दलित सवालमा १७ वटा सम्पादकीय प्रकाशित भएका छन्। उक्त तथ्यका आधारमा जातीय भेदभाव तथा छुवाछूत र दलितका विषयवस्तुप्रति सञ्चारगृहको धारणासहित सम्पादकीयमा कम प्राथमिकता दिइएको देखिन्छ।

“दलितका सवालमा सम्पादकीय प्रकाशनको लागि सम्पादकीय नीति, सिद्धान्त वा व्यवस्थाहरू पूर्ण रूपमा कार्यान्वयन भएको देखिँदैन। यी दुई राष्ट्रिय दैनिक अखबारका सम्पादकीय प्रकाशनको लिखित नीति छैन। दलितका सवालमा सम्पादकीयमार्फत सामाजिक उत्तरदायित्व कम निर्वाह गरेको देखिन्छ”, ‘नेपालका दैनिक पत्रिकामा सम्पादकीयमा दलित विषयवस्तु र सम्पादकीय नीति’ विषयक अध्ययनमा उल्लेख गरिएको छ।

छापिएका सम्पादकीय मुद्दा पनि पूर्ण रूपमा दलित केन्द्रित छैनन्। यस विषयमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखेलले आमसञ्चारमाध्यममा दलित समुदायका विषयलाई प्राथमिकता दिएर सम्पादकीय लेख्न सञ्चारगृह आफैँले नीति बनाएर कार्यान्वयन गर्नुपर्ने धारणा राख्नुभयो।

संविधानको प्रस्तावनामा भनिएको छ, “वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्यगरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्नुपर्नेछ।” राज्यको चौथो अङ्गका रूपमा रहेको आमसञ्चारमाध्यम अहिले पनि भौतिक सहभागिता र विषयवस्तुका हिसाबले समावेशी बन्न नुक्नु दुःखद् पक्ष रहेको अध्यक्ष पोखेलको भनाइ छ।

मुलुकको एकमात्र समाचारको मुहान राष्ट्रिय समाचार समिति (रासस) मा दलित समुदायको भौतिक सहभागिता र विषयवस्तु अत्यन्त न्यून देखिन्छ। राससमा गत वैशाखका कूल दुई हजार पाँच सय १७ समाचारमध्ये २६ वटा दलित विषयवस्तुसँग सम्बन्धित छन्। जेठमा कूल दुई हजार छ सय ४२ मध्ये २१, असारमा दुई हजार छ सय १० मध्ये १९ वटा दलित विषयवस्तुका समाचार सम्प्रेषण भएका छन्। राज्यको एकमात्र समाचार समिति (बैंक) राससमा दलित समुदायसँग सम्बन्धित विषयवस्तुका समाचार सम्प्रेषणको अवस्था कमजोर देखिएको ‘राससमा दलित प्रतिनिधित्व र विषयवस्तु’ विषयक अध्ययनले विश्लेषण गरेको छ।

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष गोविन्द आचार्यले दलित समुदायको भौतिक सहभागिता र विषयवस्तुका हिसाबले समाचारको मुहानले प्राथमिकताका साथ स्थान दिनुपर्नेमा जोड दिनुभयो।

राससको कूल दरबन्दी एक सय ६१ मध्ये जम्मा तीन जना मात्र दलित समुदायबाट हुनुहुन्छ। मुलुकमा दलित समुदायको जनसङ्ख्या करिब १३ प्रतिशत रहेको राष्ट्रिय जनगणना, २०७८ ले देखाएको छ। राससको कूल दरबन्दीमा तीनजना मात्रै दलित समुदायबाट प्रतिनिधित्व हुनु सञ्चारमाध्यममा कमजोर उपस्थिति भएको देखिएको पूर्वअध्यक्ष आचार्यले बताउनुभयो।

राससले दलित र समाजमा पछि परेका समुदायको समाचार सम्प्रेषणका लागि ठोस नीति तय गरेको नदेखिएको राष्ट्रिय दलित पत्रकार सङ्घ नेपालका अध्यक्ष विनोद पहाडीले बताउनुभयो। उहाँले मुलुकमा रहेका सञ्चारमाध्यममा दलितको सहभागिता दुई प्रतिशत मात्र देखिएको जनाउँदै सहभागिता वृद्धि गर्न सरकार तथा अन्य सरोकार भएका निकायले नीतिगत योजना बनाइ कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

संविधान लागू भएको एक दशक हुन लागेको छ। संविधानको मूल मर्मअनुरुप निजामती प्रशासन, शिक्षण सेवा, प्रहरी, सेना र सरकारी रोजगारीका धेरै क्षेत्रमा समावेशी सिद्धान्तका आधारमा दलितलगायत सीमान्तकृत समुदायको सहभागिता बढाउँदै लगिए पनि आमसञ्चारमाध्यमको नीतिगत तहमा भने दलित समुदायको सहभागिता शून्य छ।

“सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका ५९ जना पदाधिकारी तथा कर्मचारीमध्ये दलितको सहभागिता करिब शून्य देखिन्छ। सञ्चार मन्त्रालय मातहतको निकाय प्रेस काउन्सिल नेपाल दलितविहीन छ। नेपाल दूरसञ्चार प्राधिकरणको सञ्चालक समितिका पाँचजना गैरदलित पुरुष छन्। देशको एकमात्र समाचार समिति राष्ट्रिय समाचार समितिको अवस्था पनि त्यस्तै छ”, पहाडीले भन्नुभयो।

राससको पाँच सदस्यीय सञ्चालक समितिमा दलितको सहभागिता शून्य छ। देशको एक सय २४ वर्ष पुरानो सरकारी सञ्चार गृह गोरखापत्र संस्थानको सञ्चालक समितिको ढोका अहिलेसम्म दलितका लागि बन्द छ। गोरखापत्रको सात सदस्यीय सञ्चालक समितिमा सातजना पुरुष छन् भने त्यो पनि समिति दलितविहिन छ। विकासका लागि सञ्चारको नारासहित २०४२ सालमा स्थापना भएको नेपाल टेलिभिजनको बोर्डमा दलित प्रतिनिधित्व देखिँदैन।

देशको ९० प्रतिशतभन्दा बढी जनताको पहुँचमा रहेको दाबी गरिरहेको रेडियो नेपालको पाँच सदस्यीय सञ्चालक समितिमा दलितलाई निषेध गरिएको दलित पत्रकार सङ्घका अध्यक्ष पहाडीले जनकारी दिनुभयो। दलित समुदायले सरकारी सञ्चारमाध्यम (नेपाल टेलिभिजन, राष्ट्रिय समाचार समिति, रेडियो नेपाल र गोरखापत्र संस्थान) र निजी क्षेत्रका सञ्चार माध्यमलाई पुनःसंरचना गरी दलितमैत्री बनाउनुपर्ने सङ्घले माग गर्दै आएको छ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

**तातो हावा तथा लु लाग्दाका असरहरू**

- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्यधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने



**गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं। उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं।**

अनुरोधकर्ता : सुरुङ्गा नगरपालिका, सप्तरी

# संक्रमणकालीन न्याय : कार्यदलमा सहमति जुटेका यी विषय

काठमाडौँ, १८ साउन (रासस)।

नेपाल सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी)बीच भएको विस्तृत शान्ति सम्झौताअनुरुप सङ्क्रमणकालीन न्यायलाई टुङ्ग्याउने विषयमा प्रमुख तीन राजनीतिक दलबीच समझदारी भएको छ। नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का नेता सम्मिलित कार्यदलमा लामो समयदेखि पेचिलो बनेको द्वन्द्वकालीन घटनाको व्याख्या, राहत, क्षतिपूर्ति, परिपूरण र न्याय प्रदानलगायत विषयमा सहमति भएको हो।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा निकै महत्त्वका साथ हेरिएको सङ्क्रमणकालीन न्यायको विषयलाई टुङ्गोमा पुऱ्याउन चारबुँदे सहमति भएको कार्यदलका सदस्य एवं माओवादी केन्द्रका नेता जनार्दन शर्माले जानकारी दिनुभयो। "मुलभुतरूपमा सहमति जुट्न नसकेका चार विषयमा घनिभुत रुपमा छलफल गरी सहमतिका साथ टुङ्गो लगाइएका छौँ", उहाँले भन्नुभयो।

कार्यदलमा नियतपूर्वक वा स्वेच्छाचारी रूपमा गरिएका हत्यालाई हत्याको परिभाषाभित्र समावेश गर्ने, द्वन्द्वका क्रममा ज्यान गुमाएका वा घाइते भएको सुरक्षाकर्मीका परिवार र बहिर्गमित लडाकुलाई राहत, क्षतिपूर्ति र परिपूरण प्रदान गर्ने समझदारी भएको छ। यस्तै द्वन्द्वकालीन घटनामा पीडितको सहमति नभएको खण्डमा महान्यायाधिवक्तासमक्ष सिफारिस गर्ने र वर्तमान फौजदारी कानुनअनुरुपको दण्डमासजाय नभई सङ्क्रमणकालीन न्यायको सिद्धान्तअनुसार गर्ने समझदारी जुटेको छ।

संयन्त्रमा भएको सहमतिसहितको प्रतिवेदन तीनवटै पार्टीका शीर्ष नेतालाई बुझाइने छ। "संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिले यसलाई अपनत्व लिएर अघि बढाउनेछ", कार्यदल सदस्य शर्माले भन्नुभयो, "कार्यदलमा सहमति हुनु ठूलो कुरा हो।"

गृहमन्त्री एवं कार्यदलका सदस्य रमेश लेखकले सङ्क्रमणकालीन न्यायका सन्दर्भमा दलहरूबीच सहमति जुटेसँगै सबै कुरा मिलेको प्रतिक्रिया दिनुभयो। "आज उपलब्धि भएको छ। हाम्रा बीचमा मिल्न बाँकी सबै कुरा मिलेका छन्", उहाँले भन्नुभयो।

एमालेका मुख्य सचेतक एवं कार्यदल सदस्य महेश बर्तौलाले शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन कानुनी उल्झनलाई समाप्त गरेर जाने ठाउँमा पुगिएको प्रतिक्रिया दिनुभयो। "यो अत्यन्त सकारात्मक विषय हो। कसैले हार्ने जित्ने भन्दापनि सिङ्गो देशले जित्ने र शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने ध्येयका साथ काम गरेका छौँ", उहाँले भन्नुभयो।

मुख्य सचेतक बर्तौलाले सङ्क्रमणकालीन न्यायको सिद्धान्त तथा राष्ट्रिय अन्तर्राष्ट्रिय मान्यतालाई ख्याल गरेर पीडितलाई केन्द्र राखी समझदारी जुटाएको बताउनुभयो। "सर्वोच्च अदालतबाट भएका फैसलाको परिधिभित्र रहेर तथा अन्तर्राष्ट्रिय कानुन अनुकूल हुने गरी सहमति भएका छन्", उहाँले भन्नुभयो।

कार्यदलका अर्का सदस्य शर्माले पीडितलाई सम्बोधन गर्न पाउने वातावरण बनेको र पीडितको मागसहित यस विषयलाई टुङ्ग्याइएको बताउनुभयो। "पीडितलाई सम्बोधन गर्नुपर्ने, न्याय दिनुपर्ने काम थाँती थियो, त्यो काम सम्पन्न गर्न कानुन निर्माण गर्न सहमति गरेका छौँ", उहाँले भन्नुभयो, "अब प्रक्रियामार्फत सदन हुँदै अघि बढ्ने छ।"

सदस्य शर्माले पीडितहरूले छिटोभन्दा छिटो न्याय पाउने विश्वास व्यक्त गर्नुभयो। सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन राजनीतिक दलहरूले आफूहरूबीचमा छलफल गरेर अहसमतिका बीच पनि सहमति गर्न सक्छन् भनी विश्व समुदायमा सन्देश दिन सफल भएको उहाँको भनाइ छ।

एमाले मुख्य सचेतक बर्तौलले पीडित र पीडकबीच अन्तरघुलन गराएर नयाँ द्वन्द्व नहुने सुनिश्चितता गराइने विश्वास दिलाउनुभयो। "पीडितले न्याय पाउने र पीडकलाई कानुनी दायरामा ल्याएर सजायको तहमा पुऱ्याइनेछ", उहाँले भन्नुभयो।

विस्तृत शान्ति सम्झौता भएको १७ वर्ष भइसक्दा पनि सङ्क्रमणकालीन न्यायको विषय निष्कर्षमा पुग्न नसकिरहेका बेला कार्यदलस्तरमा बिहीबार भएको समझदारीलाई सशस्त्र द्वन्द्वका घाउमा मलम लगाउने प्रयासमा 'ब्रेक थ्रु'का रुपमा हेरिएको छ।

विसं २०६३ मङ्सिर ५ गते भएको शान्ति सम्झौतामा राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत सङ्क्रमणकाली न्यायका विषयलाई सम्बोधन प्रतिबद्धता व्यक्त गरिएको थियो।

सरकारले सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयमा सहजीकरण गर्न बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन र सत्य निरुपण तथा मेलमिला आयोग गठन गरी काम गरिरहेको छ। पीडित केन्द्रित कानुन निर्माण गरेर सङ्क्रमणकालीन न्यायका विषयलाई टुङ्ग्याउन न्यायालयले पनि आदेश दिएको थियो।

# गुरुदेव कामत : शास्त्रीय गीतसङ्गीतको विश्वविद्यालय

काठमाडौँ, १८ साउन (रासस)।

नेपाली शास्त्रीय सङ्गीतमा श्रद्धापूर्वक लिइने नाम गुरुदेव कामत अस्ताउनुभएको छ। दुवै मिर्गौलाले काम गर्न छाडेपछि डायलासिस गरिरहनुभएका गुरुदेवको ६९ वर्षको उमेरमा बिहीबार निधन भएको हो।

काठमाडौँमा उपचारका लागि आर्थिक सङ्कटको सामना गर्नुपरेपछि उहाँ सपरिवार जन्मथलो सिरहाको पोखरभिन्डा फर्किनुभएको थियो। केही दिनदेखि स्वास्थ्यावस्था बिग्रिँदै गएपछि उहाँले खानपिन निकै कम गर्नुभएको थियो। नेपाली सङ्गीतका क्षेत्रमा गायक, सङ्गीतकार एवं सङ्गीत गुरुका रूपमा परिचित कामतको निधनमा सङ्गीतकर्मीले दुःख व्यक्त गर्दै श्रद्धाञ्जली दिनुभएको छ।

नेपाल-भारत क्षेत्रमा प्रख्यात गुरुदेवको निधनले आफूलाई मर्माहत बनाएको सङ्गीतकार राजु सिंहले बताउनुभयो। उहाँसँग विसं २०५५ देखि नै सम्पर्कमा रहनुभएका सङ्गीतकार सिंहले पछिल्लो समय प्रत्यक्ष भेटघाट गर्न नपाए पनि टेलिफोनमार्फत कुराकानी गर्नुभएको थियो।

"म आफैँ पनि बिरामी भएकाले गुरुदेवसँग प्रत्यक्ष भेट्न पाइन। किनकी उहाँलाई मिर्गौलाको समस्या भएकाले मेरो कारण झन जोखिम हुन्थ्यो। उहाँको निधनले समग्र शास्त्रीय सङ्गीतलाई ठूलो क्षति पुगेको छ", सङ्गीतकार सिंहले भन्नुभयो, "उहाँ शास्त्रीय सङ्गीत जति पोख्त हुनुहुन्छ, त्यति नै सरल र बुझ्नेगरी सिकाउने गुरू। उहाँसँग निजी कक्षा लिने र नियमित कक्षा लिने थुप्रै विद्यार्थी अहिले गीतसङ्गीतको चम्किला तारा बन्नुभएको छ। उहाँको गीत सुनेर साधना पनि गर्दा पनि राम्रो सङ्गीत सिकिन्छ।"

जीवनलाई सङ्गीतमा समर्पण गरेर नेपालमा शास्त्रीय सङ्गीतलाई यहाँसम्म ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने गुरुदेव उपचारका लागि आर्थिक अभावले गाउँ फर्किनु नै दुःखद् रहेको उहाँले बताउनुभयो।

"गुरुदेव स्वाभिमानी भएकाले कसैलाई केही भन्नुभएन। यद्यपि यस्ता स्रष्टालाई समस्या पर्दा राज्यले हेर्नुपर्छ। नत्र नयाँपुस्ताले के सोचेर सङ्गीतलाई आफ्नो जीवन बनाउँछन् ? सबैले सहयोग गर्नुपर्थ्यो", उहाँले भन्नुभयो।

गुरुदेवको उपचारका लागि आर्थिक सहायता जुटाउन पहल गरिरहनुभएका कवि एवं मुक्तककार मुकुन्द पौडेलले आफूहरूले सक्दो कोशिस गरे पनि बचाउन नसकेको बताउनुभयो। "शास्त्रीय सङ्गीतमा उच्च नाम बनाउनुभएको एउटा सर्जकको यस्तो अन्त्य हुनुहुन्थेन। हामीले प्रयास गर्दागर्दै पनि बचाउन सकेनौँ। उहाँले जीवन सङ्गीतलाई दिनुभयो, धेरै शिष्य पाउनुभयो तर मिर्गौला प्रत्यारोपणका लागि आवश्यक जोहो गर्न सकिएन", उहाँले भन्नुभयो।

गुरुदेवसँग नजिक रहनुभएका कलाकार राधेश्याम विश्वकर्माले उहाँको महत्त्व बुझ्न नसकेको गुनासो गर्नुभयो। "शुभेच्छुक केही व्यक्ति जम्मा भएर उहाँलाई गर्न सकिने सहयोगका विषयमा हालै छलफल गरेका थियौँ। सामाजिक सञ्जालमार्फत पनि आह्वान गरेका थियौँ। धेरैलाई चासो भएन, अहिले उहाँको स्वर्गारोहण भएपछि, चासो बढेको छ। जीवित छँदै यस्तो चासो देखिएको भए राम्रो हुन्थ्यो", उहाँले भन्नुभयो।

शास्त्रीय गीतसङ्गीतसँगै आधुनिक गायनमा व्यस्त गायक युवराज चौलागाईंले गुरुदेवलाई विसं २०६० ताका भेटेको स्मरण गर्नुभयो। उहाँ गुरुदेव कहाँ शास्त्रीय गीतसङ्गीतकै क्रममा पुग्नुभएको रहेछ।

"शास्त्रीय सङ्गीतमा केही गर्छु भन्नेले उक्त समयमा पुग्ने एउटा ठाउँ नै गुरुदेव हुनुहुन्थ्यो। उहाँले सिकाउने सरल र सभ्य शैलीले विद्यार्थीलाई आकर्षित गर्थ्यो। उहाँलाई सुन्न पाउँदा नै हामी धन्य हुन्थियौँ", गायक चौलागाईंले भन्नुभयो।

उहाँले गुरुदेवलाई शास्त्रीय गीतसङ्गीतको विश्वविद्यालय नै मान्नुहुन्छ। "शास्त्रीय गीतसङ्गीतको चर्चा गर्ने हो भने गुरुदेवविना सम्भव हुन्न, अपुरो हुन्छ", उहाँले भन्नुभयो। स्वर्गीय गुरुदेवको तीन छोरा, एक छोरी र श्रीमती हुनुहुन्छ।


जनहितमा जारी सन्देश

दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं।

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो
भविष्य निर्माणमा आजै देखि सबै लागौं।

"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"



अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी


# विश्व समाचार

## स्मार्टफोनको प्रयोग ८० करोड भारतीयको गरिबी निवारणमा सहयोगी सिद्ध

अमेरिका, १८ साउन (रासस/एएनआई)।

द्रुत विकासका लागि डिजिटाइजेसनको प्रयोगमा जोड दिँदै संयुक्त राष्ट्रसङ्घीय महासभाका ७८ औं सत्रका अध्यक्ष डेनिस फ्रान्सिसले यस क्षेत्रमा भएको विकासले विगत ५-६ वर्षमा ८० करोड जनतालाई गरिबीबाट बाहिर निकाल्न सक्षम भारतको प्रशंसा गर्नुभएको छ।

उहाँले कसरी भारतका ग्रामीण क्षेत्रका मानिसहरूले स्मार्टफोनको माध्यमबाट भुक्तानी गर्न र बिलहरू तिर्न सक्षम भएको उदाहरण दिँदै यसले उनीहरूको समय र पैसासमेतलाई बचत गरेको बताउनुभयो।

फ्रान्सिसले संयुक्त राष्ट्रको खाद्य र कृषि संगठन (एफएओ)ले आयोजना गरेको 'वर्तमान र भावी पुस्ताका लागि शून्य भोकतिर प्रगतिको गति' विषयक छलफल कार्यक्रममा बताउनुभयो, "द्रुत विकासका आधारमध्ये डिजिटलाइजेसन एक हो। उदाहरणका लागि, भारतलाई हेर्नुहोस्। भारतले गत ५-७ वर्षमा केवल स्मार्टफोनको प्रयोग गरेर ८० करोड मानिसहरूलाई गरिबीबाट बाहिर निकाल्न सक्षम भएको छ।"

फ्रान्सिसले उच्च इन्टरनेट सेवाको विकासका कारण नै भारत ग्लोबल साउथका अन्य देशहरूको तुलनामा विकासोन्मुख रहेको जोड दिनुभयो।

"बैङ्किङ प्रणालीसँग कहिल्यै सम्बन्ध नभएको भारतका ग्रामीण किसानहरू पनि आफ्ना सबै व्यवसायहरु स्मार्टफोनमार्फत लेनदेन गर्न सक्षम भएका छन्। भारतमा उच्च स्तरको इन्टरनेट पहुँचले ८० करोड मानिस गरिबीबाट मुक्त भएका छन्। डिजिटलाइजेसनको विकासको प्रारम्भिक चरणको रूपमा यस असमानतालाई सम्बोधन गर्न केही विश्वव्यापी पहल आवश्यक छ," युएनजीएका अध्यक्षले भन्नुभयो।

डिजिटाइजेसनको विकास प्रधानमन्त्री नरेन्द्र मोदी सरकारको प्रमुख लक्ष्यमध्ये एक रहेको छ। पछिल्लो दशकमा देशमा डिजिटल भुक्तानी लेनदेनमा द्रुत वृद्धि देखिएको छ।

प्रधानमन्त्री मोदीले डिजिटाइजेसनलाई प्रोत्साहित गर्न 'जेएएम' पहल, जनधन, आधार र मोबाइल लागू गर्नुभएको छ। यसअन्तर्गत मानिसहरूलाई आफ्नो बैङ्क खाता खोल्न प्रोत्साहित गरिएको छ र हरेक खातालाई आधारकार्डसँग लिङ्क गरिएको छ। यसले देशभरका मानिसहरूलाई विभिन्न सरकारी योजनाहरू र सामाजिक लाभ भत्ता उनीहरूको खातामा सिधै पुग्न मद्दत गरेको छ।

## फिलिपिन्समा चाइनाटाउनमा आगलागी हुँदा ११ जनाको मृत्यु

मनिला, फिलिपिन्स, १८ साउन (रासस/एएफपी)।

फिलिपिन्सको राजधानी मनिलाको चाइनाटाउनस्थित एक भवनमा शुक्रबार बिहान आगलागी भएर ११ जनाको मृत्यु भएको छ। मनिलाको बिनोन्डोमा बिहान लागेको आगो नियन्त्रणका लागि १४ वटा दमकल र अग्नि नियन्त्रकलाई दुई घण्टा लागेको मनिला नगरीय दमकल विभागले जनाएको छ।

उद्धारकर्मीले पाँच तले भवनभित्र ११ जनाको शव फेला पारेको बताएका छन्। आगलागीको कारण र मृतकको पहिचान खुल्न सकेको छैन। मध्यान्हसम्म शवबाहन सडकमा लाइन लागेर बसेको देखिएको प्रत्यक्षदर्शी एएफपीका एक पत्रकारले जानकारी गराए। आगलागी भएको भवनको भुइँ तलामा पसलहरू र माथिल्लो तला आवासीय प्रयोगका लागि प्रयोग भएका थिए।

## विवादपछि अफगानिस्तानसँगको पाकिस्तानी सिमाना तोरखाममा थप कडाइ

इस्लामाबाद, पाकिस्तान, १८ साउन (रासस/एएनआई)।

सिमामा कार्यरत अधिकारीहरूले अफगान कार्गो ट्रक चालकसँग कागजातहरू माग्न थालेपछि तोरखाममा सञ्चालित पाकिस्तान-अफगानिस्तान सीमामा व्यापारिक गतिविधि स्थगित गरिएको पाकिस्तानस्थित द एक्सप्रेस ट्रिब्यूनले जनाएको छ। यस निर्णयले तालिबान अधिकारीहरूले पाकिस्तानमा प्रवेश गर्ने सबै सवारी आवागमन स्थगित गरेको जनाएका छन्।

यसअघि जनवरीमा पाकिस्तानी प्रशासनले भिसा तथा कागजातसम्बन्धी नियमहरू लागु गरेको भन्सार अधिकारीले बताएका छन्। ट्रिब्यूनसँग कुरा गर्दै अधिकारीले छ महिनाको लागि तोकिएको अवधि सकिएपछि अफगान पक्षलाई बिहीबारदेखि पुनः नियम लागु गरिएको जानकारी दिनुभएको छ। उहाँका अनुसार भिसा र पासपोर्ट बिना दुई देशबीच थप यात्रा सम्भव हुने छैन।

ट्रिब्यूनको रिपोर्टअनुसार नियम लागु गरेपछि तालिबानले मालवाहक सवारीको आवागमनमा रोक लगाई अर्को आदेश जारी नभएसम्म तोरखामको व्यापारिक नाकालाई बन्द भएको घोषणा गरेको छ। पाकिस्तानी चालकलाई कागजात बिना अफगानिस्तानमा प्रवेश गर्न अनुमति नदिइएको बताउँदै पाकिस्तानले व्यापारिक गतिविधि रोक्न बाध्य पारेको भन्दै सिमानाकामा आवागमन र कारोबार बन्द हुने जनाइएको छ।

# गुरुदेव कामतको शोकमा मधेस प्रदेश सरकारले राष्ट्रिय झण्डा आधा झुकाउने

धनुषा, १८ साउन (रासस)।

शास्त्रीय सङ्गीतका साधक तथा गायक गुरुदेव कामतको निधनको शोकमा मधेस प्रदेश सरकारले राष्ट्रिय झण्डा आधा झुकाउने भएको छ। प्रदेश सरकारले आइतबार राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेको हो।

मधेस प्रदेशका मुख्यमन्त्री शतिशकुमार सिंहले शुक्रबार शोक वक्तव्य जारी गर्दै स्व कामतको निधनप्रति शोक तथा श्रद्धाञ्जली व्यक्त गर्न आइतबार मधेस प्रदेशका सरकारी तथा सार्वजनिक कार्यालयहरूमा राष्ट्रिय झण्डा आधा झुकाउने जानकारी दिनुभएको हो। कामतले शिक्षा, चेतना र संस्कार उन्नयनमा सङ्गीत विधालाई आजीवन अघि बढाएको वक्तव्यमा उल्लेख छ।

वक्तव्यमा मुख्यमन्त्री सिंहले अत्यन्त प्रभावशाली ढङ्गले गीतसङ्गीतका माध्यमबाट भावनात्मक, आध्यात्मिक, सामाजिक एवम् सांस्कृतिक विषयवस्तुलाई अभिव्यक्त गर्न सम्पूर्ण जीवन व्यतीत गर्नुभएका दिवङ्गत गुरुदेवप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ।

स्व कामतले मनोरञ्जन र जीविकोपार्जनका लागि मात्र नभई अत्यन्त कठिन र सङ्घर्षपूर्ण साङ्गीतिक आरधना र उपासनाका यात्राबाट मुख्यमन्त्री सिंहले शास्त्रीय तथा सुगम सङ्गीत परम्परालाई थप सिर्जनात्मक बनाउनुभएको उल्लेख गर्नुभएको छ। स्व कामतले जीवनका कठोरतम् क्षणसँग लड्दै सङ्गीत क्षेत्रमा पुर्‍याउनुभएको योगदान सदैव स्मरणीय रहने वक्तव्यमा उल्लेख छ।

वक्तव्यमा भनिएको छ, 'शास्त्रीय एवम् सुगम दुवै सङ्गीतसम्बद्ध जीवनमा नयाँ चेतना प्रदान गर्ने गुरुदेवजीले सङ्गीत शिक्षालाई नेपालमा नयाँ दिशा तथा आयाम दिनुभयो। उहाँको अतुल्य तथा विलक्षण प्रतिभाबाट धेरै सङ्ख्यामा सङ्गीताभ्यासीहरू सुरसाधनाका गहनतम् पक्षलाई सरलतम् ढङ्गले बुझ्न सक्षम भएका छन्।'

स्व कामतकै प्रेरणा र सामीप्यबाट सङ्गीत विधामा नयाँ पुस्ताका प्रतिनिधिहरू उत्सुक भएको अवस्था रहेको मुख्यमन्त्री सिंहले उल्लेख गर्नुभएको छ। एउटा आदर्श सङ्गीत अनुयायी, गुरु र साङ्गीतिक फाँटमा मानवीय मूल्यको निरुपण गर्ने संवेदनशील स्रस्टा/साधकका रूपमा दिवङ्गत गुरुदेवजी नेपाली साङ्गीतिक आकासमा सधैँभरि चम्किलो नक्षत्र भएर सबैलाई प्रेरित एवम् प्रोत्साहित गरिरहने मुख्यमन्त्री सिँहले वक्तव्यमा भन्नुभएको छ। कामतको सिरहास्थित लक्ष्मीपुरतारी गाउँपालिका-२ पोखरभिण्डामा बिहीबार निधन भएको थियो।

## राष्ट्रिय परिचयपत्र :...

सम्बन्धमा रहेका द्विविधा हटाइ सेवा प्रवाहलाई सरल, सहज तथा थप प्रभावकारी बनाउन पनि मातहतका सबै कार्यालयलाई निर्देश गरिएको जानकारी दिनुभयो।

उहाँले पठाउनुभएको चारबुँदे परिपत्रमा राष्ट्रिय परिचयपत्रमा विवरण दर्ता गर्दा व्यक्तिले पेस गरेको नागरिकताको प्रमाणपत्र बाहेकको अन्य कागजात राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा 'स्क्यान' गरी प्रविष्ट गर्ने प्रयोजनका लागि सम्भव भएसम्म सक्कल वा छायाँप्रतिमा सम्बन्धित व्यक्तिले सक्कलबमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरेका आधारमा दर्ता प्रक्रिया अगाडि बढाउन भनिएको छ।

यस्तै व्यक्तिको नागरिकतामा केही विवरण स्पष्ट नभएका खण्डमा अभिलेखबाट रुजुगरी विवरण दर्ताको व्यवस्था मिलाउन पनि भनिएको छ। कार्यालयमा अन्य जिल्लाका नागरिकले समेत राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गर्न आवेदन पेस गरेमा विवरण दर्ताको व्यवस्था मिलाउन परिपत्रमा उल्लेख छ।


## राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस्।

**सम्पर्क नं.**
९८४२८२१०८२, ९८१९७२५०८२
राजविराज नगरपालिका वडा नं. ४, मेनरोड


# पेस्तोलसहित दुई भारतीय नागरिक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, १८ साउन।**

लहान-ठाडी सडकखण्डअन्तर्गत सखुवानन्कारकट्टी गाउँपालिका-५ महेशबारी चोकबाट प्रहरीले पेस्तोलसहित दुई भारतीय नागरिकलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख रमेश पण्डितका अनुसार बिहीबार साँझ इलाका प्रहरी कार्यालय महेशबारीले ठाडीबाट लहानतर्फ जाँदै गरेको यात्रुवाहक बसमा जाँच गर्दा दुबै जनालाई एक थान पेस्तोलसहित पक्राउ गरिएको हो।

पक्राउ पर्नेहरुमा भारतको मधुवनी जिल्ला पिपराही ग्राम पञ्चायत झझरीका सुदेश्वर पासवानका छोरा १८ वर्षीय नीरजकुमार पासवान र सोही ग्राम पञ्चायतअन्तर्गत बलानशेर टोलका श्रीप्रसाद साहका छोरा ३७ वर्षीय अरुण साह छन्।

पक्राउ परेकाहरुलाई हिरासतमा राखेर थप अनुसन्धान गरिहरेको सिरहा प्रहरीले जनाएको छ।

# प्रधानमन्त्रीद्वारा तीन राज्यमन्त्रीलाई शपथ

काठमाडौँ, १८ साउन (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष नवनियुक्त तीन राज्यमन्त्रीले पद तथा गोपनीयताको शपथ लिनुभएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शुक्रबार आयोजित समारोहमा प्रधानमन्त्री ओलीसमक्ष तीन राज्यमन्त्रीले शपथ लिनुभएको हो।

शपथ लिनुहुनेमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुणकुमार चौधरी, वन तथा वातावरण राज्यमन्त्री रुपा विक र ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ हुनुहुन्छ। शपथ ग्रहण कार्यक्रममा उपप्रधानमन्त्रीहरू, मन्त्रीगण, मुख्यसचिव, उच्चपदस्थ अधिकारीलगायत सहभागी हुनुहुन्थ्यो। योसँगै मन्त्रिपरिषद्ले पूर्णता पाएको छ। प्रधानमन्त्री ओली नेतृत्वमा रहेको मौजुदा मन्त्रिपरिषद्मा तीन राज्यमन्त्री थपिएसँगै मन्त्रिपरिषद्को सङ्ख्या २५ पुगेको छ।





## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं।

अनुरोधकर्ता : छिन्नमस्ता गाउँपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*